नेपाल सरकार
# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

URL: www.mopit.gov.np
email: info@mopit.gov.np
फोन नं.: ४२११८८०, ४२११९३१, ४२११६५५
फ्याक्स नं.: ४२११७२०
सिंहदरबार, काठमाडौं
नेपाल ।

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सिंहदरवार, काठमाडौं

पत्र संख्या:- ०८१/०८०/८१
च. नं.:- २६

मिति - २०८०।०५।०३

**विषय - विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० कार्यान्वयन सम्बन्धमा ।**

श्री सडक विभाग, चाकुपाट, ललितपुर ।
श्री रेलवे विभाग, विशालनगर, काठमाडौं ।
श्री यातायात ब्यवस्था विभाग, मीनभवन, काठमाडौं ।
श्री नेपाल पानीजहाज कार्यालय, एकान्तकुना, ललितपुर ।
श्री सडक बोर्ड नेपाल, मीनभवन, काठमाडौं ।
श्री रेल्वे बोर्ड नेपाल, विशालनगर, काठमाडौं ।
श्री नेपाल इन्जिनियरिङ्ग परिषद्, मीनभवन, काठमाडौं ।
श्री राष्ट्रिय सडक सुरक्षा परिषद्, मीनभवन, काठमाडौं ।
श्री शहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरण, मीनभवन, काठमाडौं ।
श्री नेपाल रेल्वे कम्पनी लिमिटेड, विशालनगर, काठमाडौं ।
श्री नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेड, शान्तिनगर, काठमाडौं ।

उपरोक्त विषयमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ७४ क बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका २०८० नेपाल सरकारबाट स्वीकृत भई यही मिति २०८०।०३।२१ को खण्ड ७३ संख्या १६ नेपाल राजपत्र भाग ५ मा प्रकाशन भएको ब्यहोरा जानकारी गराउँदै उक्त निर्देशिका २०८० साल साउन १ गतेबाट कार्यान्वयनमा गैसकेको ब्यहोरा अनुरोध छ । उक्त निर्देशिकाको दफा ५ मा **"सार्वजनिक निकाय तथा ऐनको दफा ३ को उपदफा (१ क) बमोजिम सरकारी कोषको प्रयोग गरी खरिद गर्ने संस्थाले खुल्ला रुपमा बोलपत्र वा पूर्व योग्यता वा प्रस्ताव आह्वान गरी निर्माण कार्य वा मालवामान वा परामर्श सेवा वा अन्य सेवा खरिद गर्दा विद्युतीय खरिद प्रणाली मार्फत मात्र गर्नुपर्नेछ"** भन्ने ब्यहोरा उल्लेख भएकोले निर्देशिकामा उल्लेख भए बमोजिमका अन्य ब्यवस्था समेत तहाँ र मातहतका निकायहरुमा मिति २०८० साउन १ गतेबाट कार्यान्वयन गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध गर्दछु ।

साथै विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० यही मिति २०८० साल साउन १ गतेबाट कार्यान्वयनमा गएको हुँदा उक्त निर्देशिकाको दफा ६ (१) मा उल्लेखित सार्बजनिक निकाय तथा सरकारी कोषको प्रयोग गरी खरिद गर्ने संस्थाले खुल्ला रुपमा बोलपत्र आह्वन गरी खरिद गर्दा विद्युतीय खरिद प्रणाली मार्फत गर्नुपर्ने खरिदका चरणहरुमध्ये देहायका चरणहरु विद्युतीय खरिद प्रणाली मार्फत गर्नुहुन विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० को दफा ६ को उपदफा ४ को प्रयोजनका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको च.नं. १३८, मिति २०८०।०४।२३ को पत्रानुसार अनुरोध गर्दछु ।

लेखा अधिकृत

URL: www.mopit.gov.np
email: info@mopit.gov.np

नेपाल सरकार

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

फोन नं.: ४२११८८०, ४२११९३१, ४२११६५५
फ्याक्स नं.: ४२११७२०
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-

च. नं.:-

(क) खरिद महाशाखा वा शाखा इकाईको गठन तथा अद्यावधिक,

(ख) खरिद योजनाको तयारी, स्वीकृति परिमार्जन र प्रकाशन,

(ग) खरिद कार्यको बोलपत्र वा प्रस्ताव कागजात तयारी, स्वीकृति र प्रकाशन,

(घ) बोलपत्र वा प्रस्ताव कागजातमा आवश्यक संशोधन र प्रकाशन,

(ङ) बोलपत्र वा प्रस्ताव खोल्दा खरिद प्रक्रियामा सहभागी बोलपत्रदातालाई जानकारी,

(च) बोलपत्र वा प्रस्ताव मूल्याङ्कन,

(छ) खरिदको आशयको सूचना र स्वीकृतिको पत्र जारी,

(ज) खरिद सम्झौता सम्बन्धी कार्य,

(झ) सार्वजनिक खरिद ब्यवस्थापन सूचना प्रणाली ब्यवस्थापन,

(ञ) ऐन, नियमावली, प्रचलित खरिद कानून र सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्दिष्ट गरेका सार्वजनिक खरिद सम्बन्धी अन्य कार्य ।

<u>बोधार्थ-</u>
श्री सार्वजनिक खरिद अनुगमन कार्यालय
ताहाचल, काठमाडौं ।

<u>बोधार्थ तथा कार्यार्थ-</u>
श्री खरिद ईकाइ,
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवार ।

..............................
सुस्मिता शर्मा
लेखा-अधिकृत